आज मिति २०७७।११।०७ गतेका दिन यस बाणङ्गा नगरपालिका, नगरकार्यपालिकाका नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा बसेको आठौं नगरसभाको उपस्थिति ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष/नगर प्रवक्ता | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णू गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | ध्रुव बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | सिता कुमारी थापा | महिला सदस्य | |
| १५ | हरिकला सार्की | द.म.स. | |
| १६ | झलक मल्ल ठकुरी | खूल्ला सदस्य | |
| १७ | सन्जू कुमार सारु मगर | खूल्ला सदस्य | |
| १८ | टिका कूमारी अधिकारी | महिला सदस्य | |
| १९ | बिमला परियार | द.म.स. | |
| २० | हिमलाल घिमिरे | खूल्ला सदस्य | |
| २१ | रामशरण चौधरी थारु | खूल्ला सदस्य | |
| २२ | सरिता देवी ढकाल | महिला सदस्य | |
| २३ | राधा वि.क. | द.म.स. | |
| २४ | राम आश्रे थारु | खूल्ला सदस्य | |
| २५ | कुल बहादुर सोमै | खूल्ला सदस्य | |
| २६ | इन्दिरा पन्त | महिला सदस्य | |
| २७ | अस्मिता नेपाली | द.म.स. | |
| २८ | ऋषिराम थारु | खूल्ला सदस्य | |

Scanned with CamScanner

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| २९ | चित्र बहादुर खान | खूल्ला सदस्य | |
| ३० | मधुकला वि.क. | द.म.स. | |
| ३१ | राम प्रसाद थारु | खूल्ला सदस्य | |
| ३२ | कृष्ण बहादुर चौधरी | खूल्ला सदस्य | |
| ३३ | शान्ता पाण्डे | महिला सदस्य | |
| ३४ | कमला दर्जी | द.म.स. | |
| ३५ | बेचु थारु | खूल्ला सदस्य | |
| ३६ | धन बहादुर न्यौपाने | खूल्ला सदस्य | |
| ३७ | सावित्रा थारु | महिला सदस्य | |
| ३८ | कमला वि.क. | द.म.स. | |
| ३९ | मूम बहादुर पाण्डे | खूल्ला सदस्य | |
| ४० | नेत्र गिरि | खूल्ला सदस्य | |
| ४१ | गिता भुसाल | महिला सदस्य | |
| ४२ | शिव प्रसाद पाण्डे | खूल्ला सदस्य | |
| ४३ | नाथुराम चौधरी थारु | खूल्ला सदस्य | |
| ४४ | केशरा गुरुङ | महिला सदस्य | |
| ४५ | राज कुमारी सुनार | द.म.स. | |
| ४६ | नूमलाल चौधरी | खूल्ला सदस्य | |
| ४७ | भिम बहादुर पून | खूल्ला सदस्य | |
| ४८ | दिल कुमारी थापा | महिला सदस्य | |
| ४९ | विन्दु वि.क. | द.म.स. | |
| ५० | काशिराम थारु | खूल्ला सदस्य | |
| ५१ | राम नक्षत्र चौधरी थारु | खूल्ला सदस्य | |
| ५२ | इमकला खत्री क्षेत्री | महिला सदस्य | |
| ५३ | सावित्री वि.क. | द.म.स. | |
| ५४ | बाजबुल लैन | खूल्ला सदस्य | |
| ५५ | जगनारायण थारु | खूल्ला सदस्य | |
| ५६ | योगनाथ सुनार | नगर सभा सदस्य | |
| ५७ | कृष्ण बहादुर बि.क. | नगर सभा सदस्य | |
| ५८ | पूर्णकला सुनार | नगर सभा सदस्य | |
| ५९ | गेहेन्द्र बहादुर डाँगी | सचिव | |

Scanned with CamScanner

# बाणगंगा नगरपालिका
## आठौं नगर सभा

आठौं नगरसभाको कार्यसूची र समय तालिका निम्नानुसार

सभा संख्याः ०८

सभा संचालन स्थानः नगर कार्यपालिकाको सभा हल

अध्यक्षताः मंगल प्रसाद थारु

मितिः२०७७।११।०७

| मिति | बैठक बस्ने समय | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७७।११।०७ | ११:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख मंगल प्रसाद थारु | |
| " " | ११:०० | कार्यक्रम शुरु भएको घोषणा<br>सम्बोधन<br>शहिदहरु प्रति मौनधारणा | " " | |
| " " | ११:१० | चालु आ.व.०७७।७८ को अर्ध बार्षिक प्रगति समिक्षा प्रस्तुती र संशोधन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको जानकारी | उप प्रमुख चक्रपाणी अर्याल | |
| " " | ११:४५ | यस आर्थिक बर्षमा कार्यपालिकाबाट स्वीकृत निर्देशिका, कार्यविधि र मापदण्डहरुको बारेमा संक्षिप्त जानकारी | विधेयक समिति संयोजक ध्रुव बेल्बासे | |
| | १२:१० | १. छुट भएका विषयहरुको लागि आर्थिक ऐन संसोधन<br>२. भवन मापदण्ड संसोधन को लागि पेश हुन<br>३. आ.व.०७८।७९ को आय व्ययको प्रक्षेपण अनुमोदन | चक्रपाणी अर्याल | |
| | १२:४५ | सार्वजनिक महत्वको प्रस्ताव | गुणानिधी भुसाल | |
| | १२:५५ | सभामा आफ्नो केही भनाई भए राख्न | १.<br>२.<br>३. | |
| | ०१:१५ | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्न | उप प्रमुख चक्रपाणी अर्याल | |
| | ०२:०० | कार्यक्रमको समापन | | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | ११:३० | | | | |

Scanned with CamScanner

उपाध्यक्ष ज्यू

नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु

सचिव ज्यू र कर्मचारी मित्रहरु

✓ म आजको यस आठौं नगर सभा शुरुवात भएको जानकारी गराउन चाहान्छु । लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था बहुलबाद, सामाजिक न्याय सहितको समानुपातिक, समाबेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरीक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु प्राप्तीको लागि विभिन्न कालखण्डामा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको संझनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु ।

समय शुरु हुन्छ ........................................................................................ धन्यवाद

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय नारालाई आत्मसाथ गर्दै नगरको भुगोल, जनसंख्या, पिछडिएको क्षेत्र लगाएतलाई मध्येनजर गर्दै बजेटको बांडफाड र सार्वजनिक विकास निर्माणका काम कारवाहीहरुलाई अगाडी बढाउँदै सबै सेवाग्राहीहरुलाई घरघरमै राज्यको उपस्थितिको अनुभूती दिलाउन हामी जनप्रतिनिधिहरु हरसम्भव प्रयासरत छौं । २०७३।७४ बाट पद बहाली भई २०७७।७८ सम्म आउँदै गर्दा नगरबासीहरुबाट प्राप्त सहयोग, ,समन्वय, विभिन्न संघसंस्था, जनप्रतिनिधि तथा कर्मचारीहरुको सन्तुलित सम्बन्ध स्थापित हुनु, योजना, कार्यक्रमको कार्यान्वयन, सेवा प्रवाह, सुशासन र पारदर्षिता जस्ता क्षेत्रहरुमा महत्वपूर्ण प्रगति हुनुले हालसम्म हाम्रो शिर उच्च हुँदै गएको छ ।

✓ हामि हालसम्म आर्थिक बर्ष ०७४।७५, ०७५।०७६, ०७६।७७ को बजेट तथा कार्यक्रम सम्पन्न गरि आर्थिक बर्ष ०७७।७८ को मध्ये तिर आईपुगेका छौं । अव म यस नगरपालिकाकाको स्वीकृत बजेट र नीति तथा कार्यक्रम अनुसार आ.व.

Scanned with CamScanner

०७७।७८ को हालसम्म नगरपालिकाबाट सम्पादन भएका योजना, कार्यक्रम, सु-शासन तथा प्रविधिमैत्री सेवा प्रवाह लगायतका क्रियाकलापहरुको अर्धबार्षिक प्रगति विवरण र चालु आर्थिक बर्षको बांकी अवधिमा संसोधन गर्नुपर्ने कार्यक्रमहरु समेत यस आठौं नगर सभा समक्ष प्रस्तुत गर्न नगरसभा उपाध्यक्ष चक्रपाणी अर्यालज्यूलाई अनुरोध गर्दछु ।

**अनुसूची-१**

प्रगति समिक्षा

**अनुसूची-२**

आय व्ययको प्रक्षेपण

**अनुसूची-३**

संसोधन गर्नुपर्ने योजना तथा कार्यक्रम

✓ यस चालु आर्थिक बर्ष २०७७।७८ मा कार्यपालिकाका विभिन्न बैठकबाट स्वीकृत निर्देशिका, मापदण्ड र कार्यविधिहरुको बारेमा जानकारी गराउन विधेयक समिति संयोजक श्री ध्रुव बेल्बासेज्यूलाई अनुरोध गर्दछु ।

**अनुसूची-४**

## चालु आर्थिक बर्ष २०७७।७८ मा कार्यपालिकाबाट स्वीकृत भएका नियमहरुको जानकारी

✓ अव म सार्वजनिक महत्वको विषयमा प्रस्ताव पेश गर्न बैदेशिक समन्वय समितिका संयोजक गुणानिधि भुसाल ज्यूलाई अनुरोध गर्दछु ।

**अनुसूची-५**

## सार्वजनिक महत्वका विषयहरु

हामी नगर सभाको अन्तिम-अन्तिम तिर आईसकेका छौं आज यस आठौं नगरसभा समक्ष पेश भएको चालु आर्थिक बर्ष २०७७।७८ को अर्धबार्षिक प्रगति र संसोधन गर्नुपर्ने योजना तथा कार्यक्रममा कुनै सदस्यको केही टिका टिप्पणी वा संसोधन वा थप घट गर्नुपर्ने भए आफ्नो भनाई राख्न ईच्छुक सदस्यलाई ३/३ मिनेट समय उपलब्ध गराउँछु । ईच्छुक कोही भए हात उठाएर आफ्नो नाम टिपाउनुहोला ।

**अनुसूची-४**

## बोल्ने नगर सभा सदस्यहरु

Scanned with CamScanner

नगरसभा सदस्यहरुबाट प्राप्त भएका टिका टिप्पणी, संसोधन र थप घट गर्नुपर्ने विषयहरुलाई सम्बोधन गरिदिनुहुन नगर उपप्रमुख चक्रपाणी अर्याल ज्यूलाई अनुरोध गर्दछु ।

....................

उपप्रमुख श्री चक्रपाणी अर्याल मार्फत यस सम्मानीत आठौं नगर सभामा पेश भएका अर्ध वार्षिक प्रगति र योजना तथा कार्यक्रमको संसोधन स्वीकृतिका लागि अनुरोध गर्दछु ।
अव

पेश भएको अर्ध बार्षिक प्रगति र संसोधित कार्यक्रमलाई स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले चालु आर्थिक बर्ष २०७७।७८ को अर्ध बार्षिक प्रगति र संसोधन गर्नु पर्ने योजना तथा कार्यक्रमहरु स्वीकृत भएको घोषणा गर्दछु ।

Scanned with CamScanner

## अन्त्यमा

नगरको आन्तरीक श्रोत व्यवस्थापनको लागि सहयोग गर्ने आम नगरबासी, व्यवसायी हरु, वडाका सार्वजनिक निर्माणका कार्य र सबै कार्यक्रमहरुमा प्रत्यक्ष संलग्न रही वडासंग सहकार्य गर्ने सबै टोल विकास संस्था, स्थानीय पाठ्यक्रम निर्माण गर्न अहोरात्र खटिने पाठ्यक्रम निर्माण समिति, कार्यालयका कामहरु सम्पादन गर्न खटिने सबै पदाधिकारी, कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु।

साथै समृद्ध नगर निर्माण गर्न अमुल्य सुझाव दिनुहुने संघ संस्था, संघ संगठन का पदाधिकारी एवं प्रतिनिधि, राजनीतिक दलका पदाधिकारी एवं प्रतिनिधि, माननीय संविधान सभा सदस्य, माननीय प्रदेश सभा सदस्य, माननीय प्रतिनिधि सभा सदस्य ज्यूहरु, र माननीय राष्ट्रिय सभा सदस्यज्यूलाई म स्वयं र सबै नगर सभा सदस्यहरुको तर्फबाट हृदयदेखि धन्यवाद दिन चाहान्छु।

बाणगंगा नगरपालिकाको आजको यस आठौं नगरसभालाई व्यवस्थित र मर्यादित ढंगबाट अगाडी बढाउन सहयोग गर्ने सबै नगर सभा सदस्यज्यूहरु र कार्यक्रम व्यवस्थापन गर्ने सबै कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

**नगर सभा सदस्य ज्युहरु**

**अव म आजको यो आठौं नगर सभा समापन भएको घोषणा गर्दछु ।**

Scanned with CamScanner

# बाणगंगा नगरपालिकाको आठौं नगरसभा २०७७ का निर्णयहरु:-

**निर्णय नं. १.**

बाणगंगा नगरपालिकाको आठौं नगरसभामा नगर उपप्रमुख श्री चक्रपाणी अर्याल द्वारा प्रस्तुत चालु आर्थिक वर्ष २०७७।७८ को अर्धवार्षिक समीक्षा अनुसूची-१ बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं. २.**

अनुसूची-२ बमोजिम बाणगंगा नगरपालिकाको आ.व.०७८।७९ को आय व्ययको प्रक्षेपण स्वीकृत गर्ने।

**निर्णय नं. ३.**

चालु आर्थिक वर्ष ०७७।७८ को संसोधंन गर्नुपर्ने योजना तथा कार्यक्रम अनुसूची-३ बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं.४**

नगरपालिकामा हाल सम्म निर्माण भई नगर सभा तथा नगर कार्यपालिकाबाट स्वीकृत भएका ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका लगाएतका क़ानूनहरुलाई सङ्ग्रहको रुपमा अभिलेख व्यवस्थापन गर्ने।

**निर्णय नं.५**

आठौं नगरसभामा पेश भएका अनुसूची-६ बमोजिम नगर सभाका सदस्यहरुले नगरसभामा राखेका विषयहरुलाई सुझावको रुपमा लिने।

**निर्णय नं.६**

आठौं नगरसभामा पेश भएका अनुसूची-५ बमोजिमका सार्वजनिक महत्वका विषयहरुलाई स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने।

**निर्णय नं.७**

चालु आर्थिक वर्ष ०७७।७८ को आर्थिक ऐनमा छुट्न गएका राजश्वका विषयहरुलाई अनुसूची-७ बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं. ८**

बाणगंगा नगरपालिकाको भवन निर्माण मापदण्ड २०७२ मा अनुसूची-८ बमोजिम संसोधन गरि कार्यान्वयनमा लैजाने।

**निर्णय नं.९**

आठौं नगरसभामा अर्धबार्षिक प्रगति प्रतिवेदन तयारी, लागि मापदण्ड संसोधन तयारी, आर्थिक ऐन संसोधन लगाएतका कामहरु सम्पादन गर्न खटिने पदाधिकारी कर्मचारीहरुको लागि पारिश्रमिकको १५ दिन बराबरको नगरसभा तयारी भत्ता उपलब्ध गराउने।

**निर्णय न.१०**

यस नगरपालिकाका कानुनी सल्लाहकार श्री हुमनाथ पाण्डेलाई गतवर्ष देखि खाईपाई आएको पारिश्रमिक रकम मासिक रु.१५,०००।- यस आर्थिक वर्ष ०७७।७८ को श्रावण महिना देखि २०७८ असार मसान्त सम्म निरन्तरता दिने।

Scanned with CamScanner

अनुसूची-१

# बाणगंगा नगरपालिका

## आठौं नगरसभामा नगर उपाध्यक्षद्वारा प्रस्तुत हुने प्रगति

नगर सभाका सभाध्यक्ष ज्यू,

नगर सभाका सदस्यज्यूहरु,

नगर सभा सचिव ज्यू,

नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु

नेपालको संविधानले अंगिकार गरेको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट न्यायपूर्ण व्यवस्था कायम गर्दै परस्पर सहयोगमा आधारित स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित भएसंगै स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था बमोजिम हामी यस नगरपालिकाको आठौं नगरसभा गर्न पाउँदा अत्यन्तै खुसि छौं।
नगरपालिकाले नगरबासिहरुलाई उपलब्ध गराउने सार्वजनिक सेवालाई छिटो, छरितो, स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै नगरबाट प्राप्त हुने सेवा सुविधामा नगरबासिको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्दै र नागरीक अगाडी राज्यको उपस्थितिको अनुभूती प्रदान गर्ने लक्ष्य लिएर अगाडी बढी रहेका छौं।
यसै सन्दर्भमा चालु आर्थिक बर्ष ०७७/७८ को लगभग मध्यावधीमा आईपुग्दा नगरपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरु र प्रगति प्रस्तुत गर्ने अनुमती चाहान्छु।

**<u>हालसम्मका नगरका मुख्य मुख्य उपलब्धीहरु:-</u>**

- आ.व. ०७६।०७७ मा ९५.६७% भौतिक प्रगति गर्न सफल भयौं। साथै स्थानीय तहले आफ्नो सेवा ग्राहीहरुलाई उपलब्ध गराउने सुशासन तथा सेवा प्रवाहमा देशको पहिलो उत्कृष्ट नगरपालिकाको पुरस्कार प्राप्त गर्न सफल भएका छौं।
- नगरमा हालसम्म ६७ वटा कानूनहरु तयार गरी कार्यान्वयनमा ल्याईएको छ। बाणगंगा नगरपालिकाबाट पारित भएका ऐन, नियमहरुको संग्रह २०७६ मा नसमेटिएका र २०७७ मा नगर

Scanned with CamScanner

सभा तथा कार्यपालिकाबाट स्वीकृत ऐन, कानूनहरुको दोस्रो संग्रह २०७७ निर्माण गर्न प्रक्रिया अगाडी बढाईएको छ।

- नगरपालिकाका सेवा प्रवाह डिजिटल नागरिक बडापत्र अपडेट गर्दै सबै नगरबासिहरुलाई नगरको वस्तुस्थिती र नगरबाट प्रवाह हुने सेवा सम्बन्धी जानकारी प्रदान गरिएको छ।
- वित्तिय शुसासन कायम राख्दै ७५३ स्थानीय तह मध्ये मुलुककै दोस्रो कम बेरुजु हुने स्थानीय तहको रुपमा आफ्नो पहिचान स्थापित गर्न सफल भएका छौं।
- आर्थिक बर्षमा गरिएको अघिल्लो आर्थिक बर्ष ०७५।७६ को बार्षिक लेखा परीक्षणको प्रतिवेदनमा औंलाईएको बेरुजु रकम रु. १० लाख १७ हजार नियमित गरी फछ्र्यौट गर्न महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको छ।
- नगरको सबै वस्तुस्थिति सर्वसाधरणले समेत जानकारी पाउने गरि तयार डिजिटल नगर प्रोफाईल निर्माणको काम अन्तिम चरणमा रहेको छ।
- नगर कार्यपालिकाबाट हुने सबै निर्णय तथा सूचनाहरु सबै नगरबासिहरुले जानकारी पाउने गरि वेवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको छ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले सार्वजनिक गर्नुपर्ने विवरणहरु नियमित सार्वजनिक गरिँदै आएको छ।
- प्रशासनिक भवनमा जेष्ठ नागरीक, बालबालिका, अपाङ्गता भएका नागरिकहरु समेतको सेवा प्रवाहमा सहज पहुँचका लागि लिफ्ट निर्माणकार्य सम्पन्न भई संचालनमा ल्याउने प्रकृयामा रहेको छ।
- लघुउद्यम विकास कार्यक्रम MEDPA को लागि वडा नं.३,५,७,८ गरी ४ वटा वडाहरु छनौट गरी कार्य प्रक्रिया अगाडी बढाईएको छ। ३ वटा वडामा प्रारम्भिक काम तथ्यांङ्क संकलन र अभिमूखिकरण, सहभागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न भएका छन्।
- बाणगंगा नगरभित्र रहेका विभिन्न स्वास्थ्य संस्था तथा अस्पतालहरुबाट ३३ हजार ५ सय २७ जना विरामीहरुले स्वास्थ्य सेवा लिएका छन। अस्पताल तथा स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरबाट करीव ३१६ जना गर्भवतीहरुलाई सुत्केरी गराई सेवा उपलब्ध गराईएको छ।
- No Home Delevery सेवा अन्तर्गत हालसम्म ५३ जना सुत्केरी आमाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ।
- पिपरा अस्पतालबाट रेविज उपचारको सेवालाई ०७७ साल माघ ११ गते देखि प्रारम्भ गरिएको छ।

Scanned with CamScanner

- गत आर्थिक बर्ष २३२ जना जनप्रतिनिधि तथा कर्मचारीहरुको कोभिड १९ बिमा गराईएकोमा कोभिड पोजेटीभ देखिएका १९ जना मध्ये १२ जना व्यक्तिहरुले बिमाङ्क रकम उपलब्ध गराईएको र बांकी ७ जनाको भुक्तानी प्राप्त गर्ने प्रक्रियामा रहेको छ।
- बाणगंगा नगरका स्वास्थ्य कर्मी, पदाधिकारी, कर्मचारी संघसंस्था लगाएत सबै नागरिकहरुलाई कोभिड-१९को भ्याक्सिन उपलब्ध गराउन पिपरा अस्पतालमा भ्याक्सिन सेन्टर राखि सेवा २१७२ जनालाई उपलब्ध गराईदै आएको छ। नेपाल सरकारले तोकेको लक्षित बर्गको प्राथमिकिकरण अनुसार सेवामा सबै नागरीकको सहज पहुँच हुने गरि सबै स्वास्थ्य चौकी मार्फत समुदायस्तरमा भ्याक्सिन उपलब्ध गराउने व्यवस्थाका लागि पहल गरिदै छ।
- १७७४ क्वीन्टल यूरीया, १५२० क्वीन्टल डि.ए.पी. २३५ क्वीन्टल पोटास र ५० क्वीन्टल चुन गरी ३५७९ क्वीन्टल रासायनिक मल नगर भित्रका २१ वटा सहकारीहरु मार्फत किसानहरुलाई वितरण गर्ने कार्य भएको छ।
- यस नगरपालिका क्षेत्रभित्र ४३,७८० मेट्रिक टन धान ७३ मेट्रिक टन मकै र ५८८ मेट्रिक टन तरकारी, ३५३३ मेट्रिकटन दुध, २५६ मेट्रिक टन मासु र १० लाख ९३ हजार अन्डा उत्पादन भएको छ।
- २८३ पशुपंक्षी फर्म, ११ दुग्ध डेरी र ९ मासु पसल दर्ता भएका छन। अन्य फर्म, समूह, मासु पसल समेत दर्ता प्रक्रियामा ल्याउने प्रयास गरिएको छ।
- वडा स्तरीय पूर्वाधार तर्फका जम्मा २९६ योजना मध्ये १८३ सम्झौता भई सकेका छन जसमध्ये हालसम्म ४९ वटा योजनाहरु सम्पन्न भएका छन।
- नगरस्तरीय उपभोक्ता समिति मार्फत गरिने ६३ योजनाहरु मध्ये ३४ वटा योजनाहरु सम्झौता भएका र ७ वटा योजनाहरु सम्पन्न भएका छन।
- पूर्वाधार तर्फ ठेक्का प्रक्रियाबाट सम्पादन गरिने नगरस्तरीय योजना ३६ वटाहरु मध्ये २४ वटा सम्झौता भएका र ३ वटा योजना सम्पन्न भएका छन।
- नगरको यस बर्ष ४.२ कि.मी. गरि हालसम्म जम्मा ८७.७ कि.मी. कालोपत्रे भएको, यस बर्ष ११ वटा गरि जम्मा ५९ वटा कल्भर्ट निर्माण भएको लगाएयत सार्वजनिक निर्माणका विभिन्न प्रगतिहरु भएको छ।
- नगरमा दर्ता भएका र घरेलु तथा साना उद्योग मार्फत हस्तान्तरण भई आएका १८७६ व्यसायहरु रहेका छन। नगरभित्र रहेका ब्यवसायहरु मध्ये करीव ३९२ व्यवसाय दर्ता तथा नविकरण भई नगरपालिकामा आवद्ध भएका छन।

Scanned with CamScanner

- हालसम्म नगर भित्रका ६०४८ जना बेरोजगारको सूचीमा आवद्ध गराईएको छ।
- भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी गरि करीब ४८४५ फर्महरु संकलन भई सकेका छन। ११ वटा वडामा करिव ३९ जना संकलकहरुलाई परिचालन गरि यथासक्य छिटो तथ्यांक संकलन गर्ने कार्यलाई अगाडि बढाईएको छ।
- वडा तथा नगरका लक्षित कार्यक्रमहरु १८६ मध्ये ४८ वटा लक्षित कार्यक्रम सम्पन्न भएका छन।
- जन्म दर्ता २७०७, मृत्युदर्ता ३५३, सम्बन्ध विच्छेद १३, विवाह दर्ता ७१७, बसाई सरी आउने ९७६, बसाई सरि जाने २३७ गरि जम्मा ४०८७ घटना दर्ता सम्पन्न गरिएको छ।
- नगरबाट हालसम्म २०९ अपाङ्ग र ५१४ जेष्ठ नागरिकहरुको परिचयपत्र वितरण कार्य सम्पन्न भएको र परिचयपत्र वितरण र अभिलेख सफ्टवेयरको माध्यमबाट व्यवस्थापन गरिएको छ।
- जेष्ठ नागरिक ३१९४, जेष्ठ नागरिक दलित ३००, एकल र विधवा महिला २२०३, पूर्ण आपाङ्ग ३०२, लोपोन्मुख २१ र दलित बालबालिका ४१८ गरि ६५६७ जनालाई विभिन्न बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिँदै आएको छ।
- नगरपालिकाको क्षेत्रभित्र पर्ने सहकारीहरुको शेयर पूँजी ३३ करोड ९४ लाख ७१ हजार र निक्षेप १ अर्व २६ करोड ४८ लाख २६ हजार रहेको छ। सहकारीहरुको वित्तिय अवस्था आजको आजै जानकारी लिने गरि अनलाईन सफ्टवेयर प्रयोगमा ल्याईएको छ। साथै नगर भित्र रहेका प्रत्येक सहकारी संस्थालाई User ID र Password उपलब्ध गराई विभिन्न क्षेत्रमा रहेका सहकारीहरुको मासिक वित्तिय प्रतिवेदन डिजिटन अंक सहित अनलाईनको माध्यमबाट बुझाउन सकिने गरि सफ्टवेयरको प्रयोग गरिँदै आएको छ।
- राजस्व व्यवस्थापन, घटना दर्ता, सिफारिस, शैक्षिक व्यवस्थापन लगाएतका कार्यहरुको लागि सफ्टवेरको माध्यमबाट व्यवस्थापन गरिँदै आएको छ।
- राजस्व व्यवस्थापनलाई नागरिक मैत्री र प्रविधि मैत्री बनाउनको लागि E-Pay प्रणाली व्यवस्थापन गर्न कार्य प्रक्रिया अगाडी बढाईएको छ।
- नगरमा सार्वजनिक शौचालयहरु निर्माणको लागि सम्बन्धित निकायसंग समन्वय गरिएको छ। वडा नं. ३ को सिउटी र वडा नं. ७ को पिकनिक एवं पर्यटकीय स्थल खारखानीमा सुविधा सम्पन्न शौचालयको निर्माणको लागि कार्य प्रारम्भ भैसकेको छ।
- ११ वडाहरुको मातहतमा १०३ टोल विकास संस्थालाई परिचालन गरि विकास निर्माण तथा सामाजिक तथा संस्कृतिक कार्यक्रमहरुमा सक्रिय रुपमा सहभागी हुँदै आएका छन्।

Scanned with CamScanner

- २, ६ र ८ को वडा कार्यालय प्रशासनीक भवन र वडा नं. १,३,६ र ७ को आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण भई सकेका छन । वडा नं. २ ले आफ्नो नयाँ प्रशासनिक भवनबाट कार्य प्रारम्भ गरिसकेको छ भने ६ र ८ वडाहरु समेत नयाँ प्रशासनिक भवनबाट सेवा प्रवाह गर्न कार्यालय सर्ने प्रक्रिया शुरु भईसकेको छ ।
- नगर बसपार्क र ल्याण्ड फिल्डसाईड निर्माणको लागि जग्गा प्राप्त गर्न विभिन्न सरोकारवालासंग समन्वय गरिएको छ ।
- सुनौला १००० दिनका आमाहरुलाई पोषणयुक्त खानेकुरा र सामाग्रीहरु वितरण गरिएको छ ।
- प्रत्येक वडाको बाल वस्तुगत प्रोफाईल र लगानी योजना निर्माण कार्य सम्पन्न भएको छ बालमैत्री शासन घोषणा गर्न सूचकगत क्रियाकलापहरु संचालन गरिँदै आएको छ ।
- "कपिलवस्तु र बौद्ध शिक्षा" स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ ।
- विद्यालय समायोजन तथा दरबन्दी मिलानका लागि कार्यविधि स्वीकृत गरि काम अगाडी बढाईसकिएको छ ।
- कोभिड-१९ को कारणले प्रभावित भएको विद्यालयको पठनपाठनलाई यस आ.व.मा श्रावण, भाद्र र आश्विन सम्म रेडियो शिक्षा अनलाईन कक्षाबाट संचालन गरिएको र आश्विन पछि मंसिर सम्म सामुदायिक सिकाई केन्द्रको रुपमा पठनपाठनको व्यवस्था मिलाईएको र पौष देखि भौतिक रुपमै नियमित कक्षा संचालन हुने गरि व्यवस्था मिलाईएको छ ।
- नगरका सबै सामुदायिक विद्यालयमा बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुको लागि दिवा खाजाको व्यवस्थापन गरिएको छ ।
- महिनामारीको स्वच्छताका र छात्राहरुको विद्यालयमा नियमितताको लागि सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानीटरी प्याडको व्यवस्था गरिएको छ ।
- नगरका सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा ईन्टरनेट, ई-हाजिरी जडान गरिएको छ ।
- नगरको खानेपानी तथा सरसफाई स्वछता योजना (WASH Plan) तयार गरी स्वीकृत गरिएको छ ।
- वडाहरुको योजना तथा कार्यक्रम मध्ये कुल १०.९ प्रतिशत वित्तिय प्रगति भएको छ । करिव ३० प्रतिशत भन्दा बढी भौतिक प्रगति भएको छ ।

Scanned with CamScanner

- स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन तर्फ सूचक क्षेत्र १: संगठन तथा प्रशासनः९४ प्रतिशत, सूचक क्षेत्र २: शासकीय प्रबन्धः ८८ प्रतिशत, सूचक क्षेत्र ३: वार्षिक बजेट तथा योजनाः ९१ प्रतिशत, सूचक क्षेत्र ४: वित्तीय एवम् आर्थिक व्यवस्थापनः१०० प्रतिसत, सूचक क्षेत्र ५: सेवा प्रवाहः ९४ प्रतिशत, सूचक क्षेत्र ६: न्यायिक कार्यसम्पादनः १०० प्रतिसत, सूचक क्षेत्र ७: भौतिक पूर्वाधारः७३ प्रतिसत, सूचक क्षेत्र ८: सामाजिक समावेशीकरणः ८३ प्रतिसत, सूचक क्षेत्र ९: वातावरण संरक्षण तथा विपद् व्यवस्थापनः८९ प्रतिसत, सूचक १०: क्षेत्र सहकार्य र समन्वयः५८ प्रतिसत गरि यस बाणगंगा नगरपालिकाको संस्थागत स्वमूल्यांकन सूचकको जम्मा ८८ प्रतिशत स्व मूल्यांकन गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाईएको छ ।
- योजना तर्जुमा दिग्दर्शनमा पुस मसान्त भित्र संघीमा मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाईसक्नुपर्ने प्रावधना अनुसार यस नगरपालिको आगामी आर्थिक बर्ष ०७८।७९ को आय र व्ययको प्रक्षेपण गरि पठाईसकिएको छ । आगामी आर्थिक बर्षमा सामाजिक सुरक्षा बाहेक करीव १ अर्व १५ करोड ८३ हजार कूल बजेट रहने अनुमान गरिएको छ ।
- नगरपालिकाको स्वीकृत बजेट अनुसार समग्र वित्तिय अवस्थालाई हेर्दा कूल खर्च : चालुतर्फ १८ करोड १६ लाख ८० हजार (३१.९ प्रतिशत) र पूजीगत तर्फ ५ करोड ९२ लाख १२ हजार (१३.१ प्रतिशत) गरी जम्माः २४ प्रतिशत वित्तिय प्रगति भएको सबै नगर सदस्यज्यूहरुमा जानकारी गराउन चाहान्छु ।

**सभाध्यक्ष ज्यू**

उल्लिखित प्रगतिहरु हासिल गर्दा गर्दै पनि नगर ले अवलम्बन गरेका नीति तथा कार्यक्रम अनुसारका विभिन्न लक्ष्यहरु हासिल गर्न निम्नानुसारका चुनौतीहरु देखिएका छन् ।

- नगरको ठूलो चुनौतीको रुपमा रहेको सरसफाई व्यवस्थापनको लागि ल्याण्डफिल्डसाईड निर्माण स्थल छनौट गर्न सरोकारवालाहरुको चासो कम देखिएकोले समयमै व्यवस्थापन गर्न सकिएको छैन ।
- नागरीकले तिरेको कर नागरिककै लागि हो भन्ने विषयलाई आत्मसात गर्न नगरबासीहरुको चासो कम देखिएकोले पूर्ण रुपमा करको दायरामा ल्याउन सकिएको छैन ।

Scanned with CamScanner

- भूमीसम्बन्धी समस्याको समाधानको लागि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई समयमै अभिमूखीकरण नहुनुले नगरको ठुलो समस्याको रुपमा रहेको सुकुम्बासी समस्या र अव्यवस्थित बसोबासको समस्या सम्बन्धी जन गुनासोलाई प्रभावकारी रुपमा सम्बोधन गर्न सकिएको छैन ।
- संघ तथा प्रदेशबाट नगरपालिकालाई प्राप्त हुने सिमित बजेट र नगरपालिकाको आशातित आन्तरिक आयको बृद्धि गर्न नसक्दा कतिपय महत्वपूर्ण सार्वजनिक निर्माण तथा पूर्वाधारका योजनाहरुलाई कार्यान्वयन गर्न कठिनाई भै रहेको छ ।
- नगरमा रहेका ठूला खेलमैदान बुद्ध रंगशाला र मायादेवी रंगशालाहरुको DPR तयार भएता पनि रंगशालाहरुको भौतिक पूर्वाधारको काम अगाडी बढाउन सकिएको छैन ।
- नगरपालिकाको मात्र पूर्ण अधिकारको क्षेत्र नभएको कारण नगरको प्राकृतिक स्रोतको रुपमा रहेको नदीजन्य पदार्थको चोरी निकासीलाई प्रभावकारी रुपमा रोक्न सकिएको छैन ।
- केही घरधनीहरुले आफ्नो आवश्यकता अनुसार आफूलाई चाहिएको अवस्थामा मात्र भवन नक्सा पास गर्न कार्यालयमा आउने गरेका कारण पहिले नै निर्माण भै सकेका भवन तथा संरचनाहरुको तोकिएको समयभित्र अभिलेखिकरणमा केही कठिनाईहरु देखिएका छन र शत प्रतिशत अभिलेखिकरण नभएको कारण नयाँ बन्ने भवन तथा संरचनाहरुको निर्माण प्रक्रियालाई पूर्ण रुपमा मापदण्डमा ल्याउन सकिएको छैन ।

यस्ता खालका विविध चुनौतीहरु हाम्रा सामु रहेका छन ।

मैले यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गरेको अर्ध बार्षिक प्रगति विवरण र संसोधनको लागि पेश गरेको योजना तथा कार्यक्रमहरु माथि कुनै टिका टिप्पणी वा संसोधन वा थपघट गर्नुपर्ने पर्ने भए नगर सभाको संचालन प्रणाली बमोजिम व्यवस्था हुन म सभाध्यक्ष समक्ष अनुरोध गर्दछु ।

धन्यवाद !

चक्रपाणि अर्याल

नगर उपप्रमुख

Scanned with CamScanner

अनुसूची-२

बाणगंगा नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

लुम्बिनी प्रदेश, कपिलवस्तु, नेपाल

# आय र व्ययको प्रक्षेपण

आ.व. २०७८।७९

रकम रु. हजारमा

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| आय तर्फ | ८९१,४३५ | १,००२,५६३ | १,१६९,८२० |
| आन्तरिक श्रोत | ९५,८३४ | १३६,७२४ | १३१,९०० |
| ११३१३ एकिकृत सम्पति कर | ३७४० | ७००० | ७,३५० |
| ११३१४ भुमिकर/मालपोत | ५२६ | १५०० | १,५७० |
| ११३२१ घरवहाल कर | २४७१ | २००० | ३,१०० |
| ११३२२ वहाल विटौरी कर | १९६८ | ८०० | ९०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने (व्यवसाय कर) | २७५३ | १०७६८ | ११,३०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०४९ | २००० | २,१०० |
| ११६९१ अन्य कर | ५८२ | ५०० | ६०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १५३४ | १००० | १,०५० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | २५ | ३० |
| १४२१८ विद्युत सेवा शुल्क | ४२ | ५० | ५० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १५७९० | १२००० | १२,६०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ५८ | ७५ | ९० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५८ | १०० | ५०० |
| १४२४१ पार्किङ्ग शुल्क | ० | २० | ३० |
| १४२४२ नक्सापास दस्तुर | १८१८ | २५०० | २,६३० |
| १४२४३ सिफारिश दस्तुर | ५७७८ | ६००० | ६,३०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३९ | १०० | ११० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १४२ | २०० | २१० |
| १४२४९ अन्य दस्तुर | ४९२ | ३०० | ३२० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ४८३७ | ५०० | ५३० |
| १४५२९ अन्य राजस्व | ३८३ | ० | ४०० |
| १५१११ बेरुजु | | १३० | १३० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान (जनसहभागिता) | २१८६१ | २५००० | ४०,००० |
| ३२१२२ बैंक मौज्दात | २८९१३ | ६४१५६ | ४०००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १६९,७५६.०० | १७८,२४५.०० | २१३,८२०.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | २१,७२६.०० | १५,००० | १८,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | १०१,५९०.०० | १२८२२२ | १५३,८०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | ९,०६९.०० | १०,०२३ | १२,०२० |
| १४१५३ बाडफाँड भई प्राप्त बन रोयल्टी | २,१३०.०० | ० | ० |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | ३५,२४१.०० | २५,००० | ३०,००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ६२५,८४५ | ६८७,५९४ | ८२४,१०० |
| संघीय सरकार | ५८३९१५ | ६३१४६६ | ७५७७५० |
| १३३११ समानिकरण अनुदान | १९३,८०० | १८९,१०० | २२६,९२० |
| १३३१२ शसर्त अनुदान चालु | ३७५,२२० | ४१६,५०० | ४९९,८०० |
| १३३१४ विषेश अनुदान चालु | १०,००० | १८,००० | २१,६०० |
| १३३१६ समपुरक अनुदान चालु | ० | ४,००० | ४,८०० |

Scanned with CamScanner

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| १३३१८ अन्य अनुदान चालु | ४,८९५ | ३,८६६ | ४,६३० |
| **प्रदेश सरकार** | ४१९३० | ५६१२८ | ६६३५० |
| १३३११ समानिकरण अनुदान | ५३६६ | ६,२७८ | ७,५३० |
| १३३१२ शसर्त अनुदान चालु | ११००० | १७,८५० | २१,४२० |
| १३३१४ विषेश अनुदान चालु | ७००० | ७,००० | ८,४०० |
| १३३१६ समपुरक अनुदान चालु | १८५६४ | २०,००० | २४,००० |
| १३३१२ शसर्त अनुदान चालु (जिल्ला समन्वय समिति) | | ५,००० | ५,००० |
| | | | |
| व्यय | ८०००३३. | १००२५६३. | ११५८३००. |
| चालु खर्च | ४७८७२९. | ५६९४७९. | ६८२७६०. |
| २११११ पारिश्रमिक कर्मचारी | २४१९६६. | २९६,३४७ | ३१५,००० |
| २१११२ पारिश्रमिक पदाधिकारी | १०५००. | | ११,००० |
| २११२१ पोशाक | ३३२७५ | १५२० | ३३,५०० |
| २११३२ महंगी भत्ता | ९६२. | २००० | २,४०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ४००. | १३०० | १,५६० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४०६३. | ८७१७ | १०,४०० |
| २११३९ अन्य भत्ता | ९४ | ७७८ | ९०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३०८९. | २५०० | ३,००० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ५३३ | १४००० | १६,८०० |
| २१२१४ कर्मचारी कल्याण कोष | १००० | १००० | १,२०० |
| २२१११ पानी तथा बिजुली | ९६०. | १५०० | १,८०० |
| २२११२ सचार महसुल | २३२. | १०११ | १,२०० |
| २२२११ इन्धन (पदाधिकारी) | ५००. | १००० | १,२०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १७५२. | २२०० | ३,७०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १३३६. | २००० | ३,१६० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २४९. | ७०० | ८०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५९०. | ५०० | ६०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५३८१ | ८९७४ | ९,००० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३७. | २०० | २६० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ४८. | २०० | २६० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २५००. | ३२९५ | ३,९०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | | २०० | २४० |
| २२४११ सेवा र परामर्श खर्च | ३७०८. | २००० | २,४०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १०००. | १२५० | १,५०० |
| २२४१३ करार सेवा शुल्क | ७४५८. | १२९१६ | १५,००० |
| २२४१४ सरसफाईसेवा शुल्क | २९८. | ५०० | ८०० |
| २२४१९ अन्य सेवा शुल्क | १०. | ५०० | ६०० |
| २२५११ कर्मचारी तालिम खर्च | ३३०. | १२०० | १,४०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५०५. | १०३० | १,२०० |
| २२५२१ उत्पादन सामाग्री/सेवा खर्च | १००. | ० | ० |
| २२५२२ कार्यक्रम खर्च | १४२६८७. | १८२२३७ | २१८,६०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ९८५. | २६५ | ३०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३१९ | ६२८ | ७०० |
| २२६१२ भ्रमण खर्च | ११७०. | २५१८ | ३,००० |
| २२७११ विविध खर्च | २६२७ | ५००० | ४,००० |
| २२७२१ सभा सञ्चालन खर्च | ८२० | १००० | १,२०० |
| २५३१५ अन्य सस्था सहायता | २७. | ५० | ६० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | ४०. | ५०० | ६०० |
| २६४२१ सरकारी निकाय/समिति बोर्ड पूजीगत नि.अनुदान | ८९. | ० | ० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | | १४१ | १६० |

Scanned with CamScanner

| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| २७२१३ औषधीखरिद खर्च | ४१९२. | ५१०० | ६,१२० |
| २८१४२ घरभाडा | ८१९. | १३०० | १,५६० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | | ५०० | ६०० |
| २८२११ राजस्व फिर्ता | ३ | २०० | २४० |
| २८२१९ अन्य फिर्ता | २०६५ | ७०२ | ८४० |
| २८९११ भैपरि आउने चालु खर्च | १० | ० | ० |
| पूँजीगत खर्च | ३२१३०४. | ४३३०८४. | ४७५५४०. |
| ३१११९ आवासीय भवन निर्माण/खरिद | | ३९९४ | ४,३९० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३५५४६ | २१७११ | २३,९०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | | १५३९ | १,६९० |
| ३१११४ जग्गा विकास कार्य | १००० | ६२५ | ६८० |
| ३११२१ सवारी साधन | ४६९५ | २७०० | २,९७० |
| ३११२२ मेशिनरी तथा औजार | ३५१५ | १९४०० | २१,३४० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ५१३६ | ५६०४ | ६,१०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | | २०५० | २,२०० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ४९६ | ० | ० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ११८४ | १००० | १,१०० |
| ३११५१ सडक तथा पुल निर्माण | १४५३८६ | १६७६६१ | १८४,४०० |
| ३११५३ विद्युत संरचना निर्माण | १९९८ | १९५० | २,१०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १५० | ६०० | ६६० |
| ३११५५ सिंचाई संरचना निर्माण | १००९९ | ८५५९ | ९,४१० |
| ३११५६ खानेपानी संरचना निर्माण | १५९७२ | ३८०० | ४,१८० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ४०० | ५०० | ५५० |
| ३११५८ सरसफाई संरचना निर्माण | १२५१ | ६०५० | ६,६०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ८४५०९ | १६०३३८ | १७६,३७० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ९४२१ | ५५०० | ६,०५० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ५४६ | २००० | २,२०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ० | | ० |
| ३१४११ जग्गाप्राप्ति खर्च | ० | १५०० | १,६५० |
| बजेट बचत (+)/न्यून (-) | | | ० |
| गत वर्षको नगद मौज्दात | | १६००३ | १७,००० |

अनुसूची ३

आ.व. ०७७/७८ मा संशोधन गरि कार्यान्वयन गरिने योजनाहरु

| साविक योजना/श्रोत (रु.हजारमा) | | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | वडा नं. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | घटाउने बजेट | कायम हुने बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| १ | १ | लाल बहादुर सुनारको घर देखि पुर्व बस्ती तर्फ जाने कुलोमा कल्भर्ट निर्माण (५०/५० | १०० | १०० | ० | १ | छापे ढुङ्गा स्थित शिव मन्दिरको तारवार र संरक्षण | ० | ५० | ५० |
| | | | | | | २ | जितपुर दुर्गा सेनको घर उत्तर बगाहामा पोखरी सरसफाई र बाटो ग्रावेल | ० | २० | २० |
| | | | | | | ३ | निवुवा देखि झुँगा जाने सडक मर्मत | ० | ३० | ३० |
| २ | १ | विपत व्यवस्थापन तथा फलफुल विरुवा वितरण कार्यक्रम | ४७८ | ४७८ | ० | ४ | विपद व्यवस्थापन | ० | ७८ | ७८ |
| | | | | | | ५ | वैरिया टोलको पवन चौधरीको घर अगाडी पक्की नाली तथा कल्भर्ट निर्माण | ० | २०० | २०० |
| | | | | | | ६ | हमालको घर देखि बठनपुरको कुलोसम्म पानी निकासको लागि पक्की नाली निर्माण | ० | २०० | २०० |
| ३ | १ | बाल मा.वि. र सिद्धार्थ मा.वि.का छात्रालाई सेनेटरी प्याड वितरण | १०० | ० | ० | ७ | महिला स्वयम् सेविकाहरुलाई ६ वटा स्टील दराज ,झोला र छाता वितरण | ० | १०० | १०० |
| ४ | १ | महिलाद्वारा संचालित दुनाटपरी उद्योगको स्तरोन्नती | १०० | १०० | ० | ८ | महिलाद्वारा संचालित दुनाटपरी उद्दमीको स्तरोन्नती | ० | १०० | १०० |
| ५ | २ | तिनैया उत्तर बगिया देखि गब्दैया जोड्ने सडक स्तरउन्नति | ५०० | ५०० | ० | ८ | लवनी लखन चोकबाट पश्चिम तर्फ आउने बाटो ग्रावेल | ० | ४०० | ४०० |
| | | | | | | ९ | नन्दनगर विचटोलको बाटो ग्रावेल | ० | १०० | १०० |
| ६ | २ | स्वास्थ्य सम्बन्धि विविध कार्यक्रम | ३०० | २५० | ५० | १० | ३ वटा व्याड्मिन्टन कोर्ट स्थापना | ० | १५० | १५० |
| | | | | | | ११ | संस्कृति संरक्षण | ० | ५० | ५० |
| | | | | | | १२ | मिडिया मैत्री सुचना प्रवाह कार्यक्रम | ० | ५० | ५० |
| ७ | ६ | गणेशपुर टोलमा पक्कि कुलो निर्माण | २०० | ० | ० | १३ | बनकसिया देखि हरनामपुर जाने बाटो स्तरोन्नति | ० | २०० | २०० |

Scanned with CamScanner

| साविक योजना/श्रोत (रु.हजारमा) | | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | वडा नं. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | घटाउने बजेट | कायम हुने बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| ८ | ७ | मोतीपुर डाँडा सामुदायिक भवन रंग रोगन | १०० | ० | ० | १४ | धैरेनी डाँडाको पश्चिम घोलामा कल्भर्ट निर्माण | ० | १०० | १०० |
| ९ | ७ | मोतीपुर सरायनाचको लागि बाजा तथा सामग्री खरिद | ५० | ० | ० | १५ | जनज्योती मा.वि.का कक्षा १० का विद्यार्थीहरुलाई न्यानो पोषाक स्वीटर खरिद | ० | ५० | ५० |
| १० | ७ | ल्यापटप खरिद | ५० | ० | ० | १६ | कोईली वनगाई न्यौपानेको घर पुर्व गल्ली मर्मत र ढलान | ० | ५० | ५० |
| ११ | ९ | जिनुवा मा.वि.पछाडी सिंचाई नहर निर्माण | १५० | ० | ० | १७ | जिनुवा मा.वि.पछाडी स्यालो ट्यूवेल जडान | ० | १५० | १५० |
| १२ | १० | फोहोर मैला व्यवस्थापन डस्टबिन बितरण | १०० | १०० | ० | १८ | मेचकुरी डांडाको अधुरो सामुदायिक भवन निर्माण | ० | १०० | १०० |
| १३ | १० | सानो गल्हा गाउमा पि.सि.सि. ढलान | ८०० | ८०० | ० | १९ | सानो गल्हा गाउमा नाली निर्माण | ० | ८०० | ८०० |
| १४ | ११ | तिज गीत तथा लैङ्गिक हिंसा सचेतना कार्यक्रम | ७० | ० | ० | २० | आदीवासी जनजाती थारुहरुको संस्कृति संरक्षणका लागि मादल बजाउने तालिम | ० | ७० | ७० |
| १५ | ११ | प्रोजेक्ट टोलमा नाली निर्माण | ४०० | ० | ० | २१ | प्रोजेक्ट टोलमा सडक कालोपत्रे | ० | ४०० | ४०० |
| १६ | | कोरोना भाईरस नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम | १५० | १५० | ० | २२ | आयुर्वेद औषधालयको कार्यालय मर्मत संम्भार | ० | १५० | १५० |
| १६ | | योग शिविर | १०० | १०० | ० | २३ | आयुर्वेद कार्यालय पुर्वाधार सुधार | ० | १०० | १०० |
| १७ | | स्वास्थ्य कर्मीहरुको बृतिविकासका लागि तालिम (पुर्वकर्म,योग तालिम लिन प्रशिक्षण केन्द्रमा पठाउने) | ५० | ५० | ० | २४ | स्वास्थ्य कर्मीहरुको बृतिविकासका लागि तालिम | ० | ५० | ५० |
| १८ | | अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्री खरिद तथा वितरण | ५०० | ० | ० | २५ | अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्री खरिद तथा वितरण | ० | १५० | १५० |
| | | | | | | २६ | अपाङ्ग उत्थान समाज कपिलवस्तुको भवनको तला थपको लागि पिलर निर्माण | ० | ३०० | ३०० |
| | | | | | | २७ | अपाङ्गता भएका व्यक्तिका लागि सीप तथा क्षमता विकास कार्यक्रम | ० | ५० | ५० |

Scanned with CamScanner

| साविक योजना/श्रोत (रु.हजारमा) | | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | वडा नं. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | घटाउने बजेट | कायम हुने बजेट | क्र.स. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| १९ | | जेष्ठ नागरिक देश दर्शन कार्यक्रम | १०० | ० | ० | | | | | |
| २० | | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका समस्या पहिचान तथा सचेतनामुलक कार्यक्रम | २० | २० | ० | २८ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन | १०० | २० | १२० |
| २१ | | नगरभित्रका सडक कालोपत्रे (७०/३०) | १०००० | ० | ० | २९ | नगरभित्रका सार्वजनिक भौतिक पुर्वाधार निर्माण | ० | १०००० | १०००० |
| २२ | | नगर भित्रका सडक कालोपत्रे (५०/५०/) | १०००० | ० | ० | ३० | नगरभित्रका सार्वजनिक भौतिक पुर्वाधार निर्माण | ० | १०००० | १०००० |
| २३ | | मायादेवि रंगशाला | ५०० | ० | ० | ३१ | बोर्डगाउ पोखरीमा वाल निर्माण | ० | ५०० | ५०० |
| २४ | | वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ प्रवर्द्धन कार्यक्रम | ७०० | ५२६ | १७४ | ३२ | शैक्षिक गुणस्तर प्रवर्धन कार्यक्रम | ० | ३२५ | ३२५ |
| | | | | | | ३३ | शैक्षिक रणनितीक योजना निर्माण | ० | ५० | ५० |
| | | | | | | ३४ | शैक्षणिक प्रदर्शनी | ० | ७६ | ७६ |
| | | | | | | ३५ | बार्षिक स्थिति प्रतिवेदन तयारी / शैक्षिक बुलेटिन तयारी | ० | ७५ | ७५ |
| २५ | | माक्स् ग्लोवस पि पि ई सुरक्षा सामग्री खरिद कोभिड १९ रोग रोकथाम तथा नियन्त्रण | २००० | ५७८ | १४२२ | ३६ | कोभिड रोग नियन्त्रणमा खटिएका स्वास्थ्य कर्मी तथा कर्मचारीहरुलाई जोखिम भत्ता | ० | ५७८ | ५७८ |
| २६ | | बुद्ध दर्शन कृषि महिला टपरी मेशिन खरिद वोडगाउँ | ६०० | ६०० | ० | ३७ | बुद्ध दर्शन कृषि महिला सहकारीको टपरी उद्योग प्रवर्द्धनका लागि उपकरण तथा मेसिन खरिद | ० | ६०० | ६०० |
| २७ | | जिल्ला समन्वय समितिबाट प्राप्त रकम | | | | ३८ | वडा नं. २ ,६ र ८ को वडा कार्यालय पार्टेशन तथा व्यवस्थापन | ० | १८०० | १८०० |
| २८ | | | | | | ३९ | ६० वर्ष उमेर पुरा भई अवकास पाउने सामुदायिक महिला स्वयम् सेविकाहरुलाई प्रोत्साहन सुविधा (आन्तरिक स्रोत) | ० | १५३९ | १५३९ |
| | | | | | | ४० | पटना स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर स्थापनाका लागि कर्मचारी व्यवस्थापन (अनमी १ सुरक्षा गार्ड १) | ० | १२० | १२० |

Scanned with CamScanner

| साविक योजना/श्रोत (रु.हजारमा) | | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | वडा नं. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | घटाउने बजेट | कायम हुने बजेट | क्र.सं. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| | | | | | | ४१ | लक्ष्मणघाट सवदाह स्थल सरसफाई व्यवस्थापन ( आन्तरिक स्रोत) | ० | १२० | १२० |
| | | | | | | ४२ | श्रृंगिघाट सिंचाइ योजनाको नहरको दुवै तर्फ शौचालय निर्माण | ० | ४०० | ४०० |
| | | | | | | ४३ | शौर्य उर्जा सडक बत्ति मर्मत | ० | २०० | २०० |
| | | | | | | ४४ | जिल्लाभित्र सचालन भएका मिडियाहरुको विकास र प्रबर्द्धन कार्यक्रम | ० | २०० | २०० |
| | | | | | | ४५ | बाणगंगा स्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता महासंघको भेला व्यवसथापनका लागि आर्थिक सहयेग | ० | ३० | ३० |
| | | आन्तरीक स्रोत/प्रदेश राजस्व बाँडफाँड | | | | ४६ | नेपाल पुर्व प्रहरी संगठन जिल्ला कार्य समितिको अधुरो भवन निर्माण | ० | १५० | १५० |
| | | | | | | ४७ | कपिलवस्तु उधोग बाणिज्य संघको भवन मर्मत तथा सुधार | ० | ३०० | ३०० |
| | | | | | | ४८ | क.व.न.पा. र बा.न.पा. बीचको मर्थि खोलामा ९० से.मी.को ४ वटा ह्युम पाईप जडान | ० | १५० | १५० |
| | | | | | | ४९ | शसस्त्र पंहरी बल पिपराको गाडि मर्मतको बिल भुक्तानी | ० | ३५ | ३५ |
| | | | | | | ५० | ओदारी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यालयसम्म जाने सडक निर्माण | ० | ४०० | ४०० |
| | | | | | | ५१ | बरवा पोखरी दक्षिण नाली निर्माण | ० | ५०० | ५०० |
| | | | | | | ५२ | कोपवा प्रहरी चौकी अगाडीको कम्पाउण्ड वाल निर्माण | ० | ३५० | ३५० |
| | | | | | | ५३ | लक्षमणघाटमा रहेको समसानघाट आर्टिजन बोरिंगको पानी निकास | ० | ५० | ५० |

Scanned with CamScanner

| साविक योजना/श्रोत (रु.हजारमा) | | | | | | संसोधित योजना तथा कार्यक्रम (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | वडा नं. | योजना/कार्यक्रम/स्रोत | विनियोजित बजेट | घटाउने बजेट | कायम हुने बजेट | क्र.सं. | योजना/कार्यक्रम | विनियोजित बजेट | थपघट बजेट | कायम हुने बजेट |
| | | | | | | ५४ | ओशो तथा ध्यान केन्द्रका लागि बिरुवा खरीद | ० | २०० | २०० |
| | | | | | | ५५ | ओदारी मा.वि.को भवन मर्मत सुधार | ० | २०० | २०० |
| | | | | | | ५६ | कोपवा हाटवजार पार्क तथा नाली निर्माण | ० | ५०० | ५०० |
| | | | | | | ५७ | भलवाड अधुरो जेष्ठ नागरिक वाचनालय | ० | ५०० | ५०० |
| | | | | | | ५८ | राम दतिवन धाम जोड्ने सडक स्तरउन्नति | ० | ५०० | ५०० |
| | | | | | | ५९ | गणेश मन्दिर देखि दुर्गा मन्दिरसम्म अधुरो सडक मर्मत सम्भार तथा नाली निर्माण | ० | ५०० | ५०० |
| २९ | पिपरा अस्पताल | अन्य भत्ता | ५०० | ३०० | २०० | ६० | करार सेवा शुल्क | १००० | ५०० | १५०० |
| | | विविध खर्च | १००० | ६०० | ४०० | ६१ | कर्मचारी प्रोत्साहन भत्ता | १००० | २०० | १२०० |
| | | | | | | ६२ | फर्निचर फिक्चर्स | ० | २०० | २०० |
| ३० | | राजापानी पर्यटकीयस्थल, खारखानी पिक्निक क्षेत्र र आकासे पुलको DPR तयारी | १००० | १००० | ० | ६३ | राजापानी पर्यटकीयस्थल, खारखानी पिक्निक क्षेत्रको DPR तयारी | ० | १००० | १००० |
| ३१ | | आन्तरीक / प्रदेश राजस्व बाँडफाँड | | | | ६४ | शिक्षक उत्प्रेरणा तालिम | ० | २०० | २०० |
| | | | | | | ६५ | धनकौली झुंगाको दुर्गा मन्दिर, वडा नं. २ | | १५० | १५० |
| | | | | | | ६६ | धनकौली गाउँमा बाटो ढलान | | १०० | १०० |
| | | | | | | ६७ | धरमपुरदेखि वरवा जाने सडकको कुलोमा ९० से.मी.को ३ थान ह्युम पाईप जडान तथा बाटो व्यवस्थापन | | १२० | १२० |
| | | | | | | ६८ | नगरपालिका कार्यालयदेखि शिव मन्दिर सामुदायिक वनको कार्यालय जाने सडकमा ९० से.मी.को ३ थान ह्युमपाईप जडान तथा बाटो व्यवस्थापन | | १२० | १२० |
| | | | | | | ६९ | नगरभित्रका सि.सि.क्यामरा मर्मत तथा व्यवस्थापन | | २०० | २०० |
| | | | | | | ७० | ओशो ध्यान केन्द्र ट्रस्ट स्तरोन्नती | | ४५० | ४५० |
| | | | | | | ७१ | ईलाका प्रहरी कार्यालय पिपराको कम्पाउण्ड वाल निर्माण | | ३०० | ३०० |

Scanned with CamScanner

## अनुसूची-४

आ.व. ०७७।७८ को श्रावण महिना देखि आठौं नगरसभासम्म बाणगंगा नगरपालिका, नगर कार्यपालिकाबाट पारित भएका कार्यविधि, निर्देशिका तथा मापदण्डहरुको विवरण

| क्र.सं. | कार्यविधि, निर्देशिका र मापदण्डहरुको विवरण | पारित मिति |
|---|---|---|
| १ | पूर्ण संस्थागत प्रसुति सेवा (No Home Delivery) प्रोत्साहनका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन कार्यबिधि २०७७ | २०७७-०४-३२ |
| २ | बाणगङ्गा न.पा. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी, २०७७ | २०७७-०४-३२ |
| ३ | बाणगङ्गा न.पा.को मेलमिलाप कार्यसंचालन कार्यविधी, २०७६ | २०७७-०६-२८ |
| ४ | नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधी, २०७७ | २०७७-०६-२८ |
| ५ | सहकारी संस्था एकीकरण सम्बन्धी कार्यविधी, २०७६ | २०७७-०६-२८ |
| ६ | बाणगङ्गा न.पा. लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी, २०७७ | २०७७-०६-२८ |
| ७ | पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७७ | २०७७-०८-२६ |
| ८ | पशुपन्छी विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ | २०७७-०८-२६ |
| ९ | घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७ | २०७७-०८-२६ |
| १० | नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधी, २०७७ | २०७७-०८-२६ |
| ११ | बाणगङ्गा न.पा.को स्वास्थ्य संस्था स्थापना, सञ्चालन स्तरोन्नति तथा सरसफाई मापदण्ड सम्बन्धी कार्यविधी, २०७७ | २०७७-०८-२६ |
| १२ | बाणगंगा नगरपालिकाको बाल उद्धार संचालन कोष कार्यविधी, २०७७ | २०७७-०८-२६ |
| १३ | बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७७ | २०७७-०८-२६ |
| १४ | सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन कार्यविधि, २०७७ | २०७७-०८-२६ |
| १५ | सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ | २०७७-०८-२६ |
| १६ | टोल विकास संस्था(गठन तथा परिचालन) कार्यविधि, २०७७ | २०७७-०८-२६ |
| १७ | विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन कार्यविधि,२०७७ | २०७७-०९-२७ |
| १८ | बाणगङ्गा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ | २०७७-१०-०६ |
| १९ | जेष्ठ नागरिक दिवा सेवा, मिलन केन्द्र (संचालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधी-२०७७ | २०७७-१०-१८ |
| २० | बाणगंगा न.पा.को राहत तथा विपद् व्यवस्थापन कोष संचालन कार्यविधि-२०७४ (संशोधन २०७७) | २०७७-१०-१८ |

Scanned with CamScanner

अनुसूची-५

## नगरसभामा आफ्नो प्रतिक्रिया राख्ने सदस्यहरु

| सि.नं. | नगर सभा सदस्यको नाम | बोलेको विषय | समय | कैफियत |
|---|---|---|---|---|
| १ | झलक मल्ल - वडा नं. १ | • भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गर्दा देखिएका समस्याहरु | ३ मिनेट | |
| २ | कूल बहादुर सोमै - वडा नं. ३ | • सार्वजनिक निर्माणको विषय | ३ मिनेट | |
| ३ | ईन्दिरा पन्त - वडा नं. ४ | • लक्षितवर्गका कार्यक्रमहरुमा समितिको सहभागिता | ३ मिनेट | |

Scanned with CamScanner

अनुसूची-६

**समसामयिक प्रस्तावहरुः-**

१. देशमा विभिन्न हिंसा, हत्या र बलत्कार जस्ता जघन्य अपराधका घटनाहरु बढीरहेको अवस्थामा बाणगंगा नगर सभा त्यस्ता घटनामा संलग्न अपराधीहरुको खोजी तथा कारवाहीको लागि सम्बन्धित सबैलाई गम्भिर हुन आग्रह गर्दै न्याय, शान्ती तथा अमन चयनको लागि सबैलाई गम्भिर हुनको लागि आग्रह गर्दछ।

२. Covid-19 को महामारी व्यवस्थापनमा सहयोग-सहकार्य गर्ने सम्पूर्ण व्यक्ति, निकाय एवम् संघ-संस्थाहरु प्रति नगर सभा आभार प्रकट गर्दछ। यसको जोखिम अझै पनि कायम रहेकोले सबैलाई सतर्क रहन एवं सहयोग सकृयकार्यको लागि अनुरोध गर्दछ।

३. गर्मीयाम शुरुसंगै हावा, हुरी आँधी, गर्मी, आगलागी एवं अन्य महामारीहरु पनि बढ्न सक्ने भएकोले सबैलाई पूर्व तयारी सहित सतर्क रहन समेत आग्रह गर्दछ।

४. ४ नं. - तौलिहवा-खुनुवा सडकको साबिकमा १५ मीटर Right Way रहेको र पछि २०७६।०२।०६ गते नेपाल राजपत्रमा प्रकासित सूचना अनुसार सडक मापदण्ड २५/२५ मीटर तोकेको सम्बन्धमा सो क्षेत्रका धेरैजसो नागरिकहरुको सम्पत्तिमा नोक्सानी हुने देखिएकोले उचीत मुआव्जा उपलब्ध गराउन नगरपालिकाको तर्फबाट सम्बन्धीत निकायमा पहल गर्ने।

Scanned with CamScanner

अनुसूची-७

# आर्थिक ऐन, २०७७ (पहिलो संसोधन)

प्राईभेट फर्म दर्ता सम्बन्धी राजस्वका दरहरु र नयाँ तथा पुराना घरहरु घरनक्सा पास तथा अभिलेखिकरण सम्बन्धी कार्यको लागि आर्थिक ऐनमा भएका केही शिर्षकहरु संसोधन र छुट भएका केही राजस्व शिर्षकका दरहरु थप गर्न बाञ्छनीय भएकोले बाणगंगा नगरपालिकाको आठौं नगरसभाले देहायको ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम आर्थिक ऐन (प्रथम संसोधन), २०७७ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. **आर्थिक ऐन, २०७७ को अनुसूची-९ मा संसोधनः** आर्थिक ऐन, २०७७ को अनुसूची ९ को सि.नं.७५ देहाय बमोजिम थप गरिएको छ।

| | | |
|---|---|---|
| ७५ | प्राइभेट फर्म दर्ता दस्तुर | |
| | प्राईभेट फर्मको पूँजी | दर्ता दस्तुर |
| | रू.२,००,०००।- सम्म पूँजी भएको प्राईभेट फर्म | रू. १,०००।- |
| | रू. ३,००,०००।- सम्म पूँजी भएको प्राईभेट फर्म | रू. २,०००।- |
| | रू. ५,००,०००।- सम्म पूँजी भएको प्राईभेट फर्म | रू. ५,०००।- |
| ७६ | **प्राईभेट फर्म नविकरण दस्तुरः** | |
| | रू.१,००,०००।- सम्म पूँजी भएको प्राईभेट फर्म | रू.६००।- |
| | रू. ३,००,०००।- सम्म पूँजी भएको प्राईभेट फर्म | रू.१,०००।- |
| | रू.५,००,०००।- सम्म पूँजी भएको प्राईभेट फर्म | रू.१,६००।- |
| ७७ | **नविकरण गर्दा लाग्ने विलम्ब दस्तुरः** | |
| | नविकरण गर्ने समयाबधी समाप्त भएको ३५ दिन सम्म | बिलम्ब दस्तुर नलाग्ने |
| | नविकरण गर्ने समयाबधी समाप्त भएको ३५ दिन देखि ६ महिना सम्म बिलम्ब भएमा | रु.२००। |
| | नविकरण गर्ने समयाबधी समाप्त भएको ६ महिना देखि १ वर्ष सम्म बिलम्ब भएमा | दोब्बर दस्तुर |
| | १ वर्ष भन्दा बढि जतिसुकै समय भए पनि प्रत्यक नविकरण अवधिको भिन्न भिन्न हिसाब गरी लाग्ने दस्तुरमा तेब्बर गरि लिइने छ। | तेब्बर दस्तुर |
| ७८ | क) प्राईभेट फर्मको पुँजी बृद्धि, नामसारी,ठाँउ सारी,शाखा थप घट,फर्मको नाम परिवर्तन, फर्म खारेजी, फर्मको कारोबार थप घट आदि गर्दा सेवा शुल्क दस्तुरः | रू.१,०००।- |
| | ख) निवेदन दस्तुरः | रू.१००।- |
| ७९ | सहकारीको विनियम संशोधन दस्तुर लिईनेछ। | रू.१,०००।- |
| | | |

Scanned with CamScanner

३. **आर्थिक ऐन, २०७७ को नक्सापास दस्तुर तथा फारम शुल्कको दररेट मा संसोधन:** आर्थिक ऐन, २०७७ को अनुसूची ९ को अन्तिम पेजमा रहेको नक्सापास दस्तुर तथा फारम शुल्कको दररेटमा को क्रम संख्या ५ देखि सबै हटाई निम्नानुसार थप गरिएको छ।

| सि.नं. | विवरण | प्रस्ताव दस्तुर |
|---|---|---|
| ५ | भवन सम्पन्न नहुदै तर अन्तिम चरणमा फिल्ड अनुगमन गर्दा तला थपिएको पाईएमा भवन संहिता पालना गरेको देखिएमा निवेदन प्राप्त भैसकेपछि थप दस्तुर लिएर प्रकृया अगाडि बढाउने। | थप तलामा लाग्ने दस्तुरको तेब्बर दस्तु |
| ६ | झ्याल ३' भन्दा कम साइड-मार्जिन राखि बनाएको हकमा (२०७७ फागुन ७ गते सम्म निर्माण भएका घरहरु) | |
| | आवसिय भवनको लागी थप दस्तुर लिइ कबुलियतनामा गराई पास गर्ने | १०,०००।- |
| | व्यवासायिकको लागी थप दस्तुर लिइ कबुलियतनामा गराई पास गर्ने | १५,०००।- |
| ७ | ९" गारोको ठाउँमा ४" गारो (बाहिरी ) बनाउँदा (२०७७ फागुन ७ गते सम्म निर्माण भएका घरहरु) | |
| | भुई तला र जग्गा च्यापेको ठाउँमा थप दस्तुर लिइ कैफियत बनाई पास गर्ने | १०,०००।- |
| | जग्गा नच्यापेको ठाउँमा थप जरिवाना लिइ कैफियत बनाई पास गर्ने | ५,०००।- |
| ८ | वाणगंगा नगरपालिका भित्रको निर्माण कार्यको सन्दर्भमा नक्सा पास गराई वा प्रथम र दोस्रो चरणको इजाजत लिइसकेको भए पनि भवन संहिता मापदण्ड विपरित निर्माण सम्पन्न गरिएको घर तथा भवनहरूको लागी (माथि उल्लेखित मापदण्ड बाहेक (गारो, झ्यालको समस्या)) | १५,०००।- |

४. **आर्थिक ऐन, २०७७ को अनुसूची ९.१ मा संसोधन:** आर्थिक ऐन, २०७७ को अनुसूची ९.१ लाई हटाई देहाय बमोजिम राखिएको छ।

| सि.नं | विवरण | पुरानो घर (२०७२ भन्दा अघि बनेको) | | नयाँ घर | | २०७२ पछि भवन निर्माण स्वीकृत नगरेकोलाई चालु आ.व.०७७।७८ को अभिलेखिकरण दर रेट (रु) |
|---|---|---|---|---|---|---|
| | | परानो दर रेट (रु) | नयाँ दर रेट (रु) आ.व. ०७८।७९ | पुरानो दर रेट (रु) | नयाँ दर रेट (रु) ०७८।७९ | |
| १ | RCC कुनै पनि वेसमेन्ट प्रति वर्ग फुट | १/- | ५/- | ५/- | ८/- | ६।२५ |
| २ | RCC भुई तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | १/- | ५/- | ५/- | ८/- | ६।२५ |
| ३ | RCC प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | २/- | ६/- | ६/- | ९/- | ७।५० |
| ४ | RCC दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ३/- | ७/- | ७/- | १०/- | ८।७५ |
| ५ | RCC तेस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ४/- | ८/- | ८/- | ११/- | १०।०० |
| ६ | लोड वियरिङ वालको वेसमेन्ट | १/- | ४/- | ४/- | ५/- | ५।०० |
| ७ | लोड वियरिङ वालको भुई तल्ला | १/- | ४/- | ४/- | ५/- | ६।२५ |
| ८ | लोड वियरिङ वालको प्रथम तल्ला | २/- | ५/- | ५/- | ६/- | ७।५० |
| ९ | लोड वियरिङ वालको दोस्रो तल्ला | ३/- | ६/- | ६/- | ७/- | ८।७५ |
| १० | लोड वियरिङ वालको तेस्रो तल्ला वा सो भन्दा माथि | ४/- | ७/- | ७/- | ७/- | १०।०० |
| ११ | ट्रस सम्बन्धी निर्माण/घर निर्माण अन्य अरू कुनै सामाग्री प्रयोग गरेमा (प्रथम तल्ला,दोस्रो तल्ला) | १/-,२/- | ३/- | २/- | ५/- | ५/- |

Scanned with CamScanner

| सि.नं | विवरण | पुरानो घर (२०७२ मन्दा अघि बनेको) | | नयाँ घर | | २०७२ पछि भवन निर्माण स्वीकृत नगरेकोलाई चालु आ.व.०७७/७८ को अभिलेखिकरण दर रेट (रु) |
|---|---|---|---|---|---|---|
| | | परानो दर रेट (रु) | नयाँ दर रेट (रु) आ.व. ०७८/८९ | पुरानो दर रेट (रु) | नयाँ दर रेट (रु) ०७८/८९ | |
| १२ | नक्सापास सम्बन्धी थप व्यवस्था र दस्तूरको दर | | | | | |
| क | मनासिव कारण विना तोकिइको अवधि भित्र घर सम्पन्न नगर्नेलाई वा प्रमाणपत्र नलैजानेलाई समयको आधारमा पहिला तिरेको करको ५ % थप दस्तुर लाग्ने छ | | | | | |
| ख | सि.नं. १ देखि १२ सम्मको विषयमा नयाँ घरको कर चालु आर्थिक बर्ष ०७७/७८ मा साविक बमोजिम नै हुनेछ। | | | | | |

Scanned with CamScanner

# भवन निर्माण मापदण्ड, २०७२ (पहिलो संसोधन)

*संसोधन मिति:२०७७।११।०७*

**१. प्रारम्भिक**

मिति २०७२ साल वैशाख १२ गते र २९ गते गएको विनासकारी भुकम्पबाट मुलुकमा जनधनको अतुलनीय एवंम अपुरणीय क्षेती भएको छ। आवास, शैक्षिक संस्था, स्वास्थ्य संस्था, ब्यापारिक प्रतिष्ठान, कार्यालय भवनहरु, वस्तिहरु, खानेपानी, बाटो जस्ता भौतिक संरचनाहरु तहसनहस भएका छन्। यस अकल्पनीय दु:खद घटना पश्चात भवन लगायत भौतिक संरचनाहरुको बैज्ञानिक र ब्यवस्थित मापदण्डको आवश्यकता अझ टडकारो भएको छ। बाणगङ्गा नगरपालिकाले यस अघि देखि नै सामान्य भवन मापदण्ड लागू गर्दै आएको भएता पनि हालको अवस्थामा पूर्णरुपमा भवन संहिता कार्यान्वयन गर्नको लागि दरिलो मापदण्डको आवश्यकता महशुस गरिएको परिप्रेक्षमा नेपाल सरकार ( माननिय मन्त्री स्तरको) मिति २०७२/४/२९ को निर्णयानुसार स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ जारी गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय द्वारा निर्देशन भए बमोजिम उक्त आधारभूत मार्गदर्शन, २०७२ समेतलाई आधार मानी बाणगङ्गा भवन निर्माण मापदण्ड, २०७२ तयार गरिएको थियो। साथै हाल बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत निर्माण मापदण्ड, २०७२ लाई आधार मानि यो मापदण्ड बाणगङ्गा भवन निर्माण मापदण्ड-२०७२ (प्रथम संसोधन, २०७७)" बाणगङ्गा नगरपालिकाको नगर सभाबाट पारित भए पछि तत्काल बाणगङ्गा नगरपालिका भरी लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ: भवन निर्माण मापदण्ड, २०७२ (पहिलो संसोधन), २०७७ रहेको छ।**

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. **मापदण्डको दफामा संसोधन:** दफा ३ को (१) मा संसोधन "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ तथा " भवन ऐन, २०५५" लाई सम्झनु पर्दछ र " नियमावली " भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा भवन नियमावली, २०६६ लाई सम्झनु पर्दछ।

दफा ३ को १ देखि ३० सम्म संसोधन:

१. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ तथा " भवन ऐन, २०५५" लाई सम्झनु पर्दछ र " नियमावली " भन्नाले स्थानीय स्वायत्त शासन नियमावंली, २०५६ तथा भवन नियमावंली, २०६६ लाई सम्झनु पर्दछ।

२. "नगरपालिका" भन्नाले बाणगंगा नगरपालिका, कपिलवस्तुलाई जनाउँछ।

३. "नगर सभा" भन्नाले बाणगंगा नगरपालिकाको नगर सभालाई जनाउँदछ।

४. "विभाग" : भन्नाले शहरी विकास तथा भवन निर्माण विभाग जनाउँछ।

Scanned with CamScanner

५. "डिभिजन कार्यालय" : भन्नाले विभाग अन्तर्गतको डिभीजन कार्यालय जनाउँछ ।

६. "प्राधिकरण" : भन्नाले काठमाडौं उपत्यका विकास प्राधिकरण वा त्यस्तै किसिमको छुट्टा निश्चित भौगोलिक सीमाना भित्र रहेको सहरी विकास प्राधिकरणलाई जनाउँछ ।

७. न. वि. स.: नगर विकास ऐन २०४५ अन्तर्गत गठन गरिएको नगर विकास समितिलाई जनाउँछ ।

८. जग्गा उपयोग प्रतिशत (Ground Coverage): भन्नाले भवनको भुइँतलाको क्षेत्रफल र भवन बन्ने जग्गा वा घडेरीको क्षेत्रफलको अनुपातलाई १०० ले गुणा गर्दा हुन आउने प्रतिशतलाई जनाउँछ ।

९. भुई क्षेत्रको अनुपात (FAR) : भन्नाले भवनको सम्पूर्ण तलाहरुमा निर्मित क्षेत्रफलको योगफललाई भवन बन्ने जग्गा वा घडेरीको क्षेत्रफलले भाग गरेर आएको भागफललाई जनाउँदछ ।

१०. सडकको अधिकार क्षेत्र (Right of Way) : भन्नाले ऐन, नियम, नेपाल राजपत्रमा प्रकाशित सूचना, तथा स्वीकृत मापदण्डले तोकेको सडकको चौडाइलाई जनाउँदछ ।

११. सेटब्याक ( Set Back) : भन्नाले आफुले आफ्नो जग्गामा भवन बनाउँदा साँधसिमाना, सार्वजनिक सम्पत्ती र सडक अधिकार क्षेत्रबाट छाड्नु पर्ने न्युनतम दुरीलाई जनाउँदछ ।

१२. खुल्ला क्षेत्र (Open Space) : भन्नाले बस्ती विकास क्षेत्रमा जमिन भित्र अत्यावश्यक सार्वजनिक पूर्वाधार सेवा बिस्तार गर्न बाहेक कुनै भौतिक संरचना निर्माण गर्न निषेध गरिएको क्षेत्रलाई जनाउँदछ । यसमा स्थानीय निकायले कुनै संरचना निर्माण गर्न नपाउने गरि खुला क्षेत्र घोषणा गरेका सार्वजनिक, प्रती, ऐलानी आदी जमिनलाई समेत जनाउँदछ ।

१३. टासिएको भवन (Attached Building) : भन्नाले जग्गाको साँधसिमानामा टाँसेर बनाउन प्रस्ताव गरिएको वा बनाईएको भवनलाई जनाउँदछ । जोडिएको भवन (Joined Building) : भन्नाले बेग्लाबेग्लै स्वामित्व भएको एक आपसमा भारवहन अंगहरु संयुक्त रुपमा निर्माण गर्न प्रस्ताव गरिएको वा निर्माण भएको भवनलाई जनाउँदछ ।

१४. आंशिक निर्माण सम्पन्न: भन्नाले उपयोग गर्न मिल्ने गरी न्युनतम १ तला निर्माण भएको भवनलाई जनाउँदछ ।

१५. तोकिएको प्राविधिक समिति: भन्नाले स्थानीय निकायका प्रमुखको संयोजकत्वमा निजले तोकेको सम्बन्धित बिभाग वा शाखाको इन्जिनियर, शहरी विकास तथा भवन निर्माण बिभाग र जिल्ला प्राबिधिक कार्यालयको प्रतिनिधि, नापी अधिकृत तथा आमन्त्रीत बिशेषज्ञहरु सहितको समितिलाई जनाउँदछ ।

१६. नियन्त्रीत भौतिक योजना (Secured Physical Plan) : भन्नाले नियन्त्रीत रुपमा मात्र प्रयोग हुने साँध सिमानालाई पर्खाल लगाएर सुरक्षित गरिएको भौतिक योजनालाई जनाउँदछ ।

Scanned with CamScanner

१७. सार्वजनिक भौतिक योजना (Public Physical Plan) : भन्नाले केही स्वामित्व कर्ताहरुले आपनो लगानीमा विकास गरेको तर तिनका सडक, खुल्ला क्षेत्र आदी सार्बजनिक प्रयोगको लागि समेत खुल्ला गरिएको भौतिक योजनालाई जनाउँदछ।

१८. वातावरण मैत्री स्थानीय शासनको प्रारुप: भन्नाले नेपाल सरकारले २०७०/०६/२३ मा स्वीकृत गरेको वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७० (Environment Friendly Local Governance Framework, 2013) लाई जनाउँदछ।

१९. माटो परीक्षण : भन्नाले शहरी विकास मन्त्रालय वा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको माटो परिक्षण निर्देशिकाले तोकेको परिक्षण प्रकृया / बिधिलाई जनाउँदछ।

२०. आधारभूत सार्बजनिक पूर्वाधार सेवाहरु:भन्नाले सडक, ढल, खानेपानी, बिजुली आदीलाई जनाउँदछ।

२१. इन्जिनियर / आर्किटेक्ट: भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भई इन्जिनियरिङ्ग ब्यवसाय गर्न सम्बन्धित निकायबाट अनुमति प्राप्त बिशेषज्ञलाई जनाउँदछ।

२२. भवनको क्षेत्रफल: भवनको सम्बन्धमा क्षेत्रफल भन्नाले भवनको बाहिरी गारो र भवनले ओगटेको गारो समावेश भएको प्लीन्थ लेभलमा होरीजेन्टल सेक्सनको क्षेत्रफल भन्ने बुझिन्छ।

२३. "एयर कन्डिसनीङ्ग" : कुनै ढाकिएको ठाउँको आवश्यकता पूरा गर्न वायुको तापक्रम, उष्णता, सफाई र वितरणलाई एकै पल्ट नियन्त्रणको लागि गरिने प्रशोधन प्रक्रिया।

२४. "थप तथा / वा परिवर्तन": मापदण्डमा भए अनुसार क्षेत्रमा परिवर्तन वा उचाइमा परिवर्तन वा भवनको कुनै भाग हटाउने वा कुनै गारो अथवा त्यसको भाग काट्ने, छेकवार लगाउने कोलुम, बीम, भूईवा आवत जावतका कुनै पहुंचलाई वन्द वा परिवर्तन गर्ने।

२५. "सेवा सुविधा" : सडक, बाटो, खुल्ला क्षेत्र, पार्क, मनोरञ्जनक्षेत्र, खेलमैदान, बगैचा, खानेपानी, विद्युत आपूर्ति, सडक बत्ती, ढल, सार्वजनिक निर्माण कार्यहरु र अन्य सेवा सुविधा तथा आवश्यक विषयहरुलाई समेत जनाउँछ।

२६. "स्वीकृत भएको" : यस मापदण्ड अर्न्तगत नगरपालिकाले स्वीकृत गरेको भन्ने बुझिन्छ।

२७. "बार्दलि" : आउन जान हुने वा वस्न सकिने पारापीट, ह्यान्डरेल, बालुस्ट्रेड समेतको होरीजेन्टल क्यान्टीलेभर वा अन्य प्रोजेक्सन।

२८. "वेसमेन्ट" : पूर्ण वा आशिंक रुपले जमीन मुनी रहेको भवनको तल्ला।

२९. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बाणगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा घरनक्सा सम्बन्धी आफ्नो अधिकार प्रत्यायोजन गरि जिम्मेवारी दिएको अधिकृत कर्मचारी भन्ने बुझिन्छ।

३०. "भवन" : भन्नाले मानव बसोबासको लागि प्रयोग हुनेवा नहुने, कुनैपनि उद्देश्यको लागि निर्माण हुनेर जुनसुकै निर्माण सामग्रीबाट निर्माण गरिने स्टक्चर यसमा तल दिइएका अनुसार समावेश हुन सक्छ :

Scanned with CamScanner

क) जग, प्लीन्थ, गारो, भुई, [illegible] तथा भवन सेवाहरु, जडान गरिएका प्लेटफर्महरु

ख) बरण्डा, बार्दली, कर्नीस, प्रोजेक्शन आदि ।

ग) भवनको भागहरु र त्यसमा जडान भएका कुनै कुरा

घ) कुनै जग्गा वा ठाउँलाई घेर्नको लागि बनाइएका गारोहरु, स्टक्चरहरु आदि ।

ङ) तरल रासायनिकहरु वा पानी भण्डार गर्न निर्माण गरिएका वा जडान गरिएका टयाङ्कीहरु, पौडी खेल्ने पोखरीहरु आदि ।

दफा ३ को ७६ हटाईको

३. **सबै दफाहरुमा संसोधन:** नगर परिषद् भन्ने शब्दको ठाउँमा नगर सभा भन्ने शब्द राखिएका छन ।

४. **दफा ७ मा संसोधन:** मापदण्ड मूल्यांकन तथा अनुगमन समिति

| | | |
|---|---|---|
| क) | नगर उपप्रमुख संयोजक | सदस्य |
| ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) | नगरपालिकाको भवन तथा शहरी विकास शाखा प्रमुख | सदस्य |
| घ) | योजना शाखा प्रमुख | सदस्य |
| ङ) | स्थानीय व्यापार / उधोग संघको प्रतिनिधि | सदस्य |

५. **दफा १० को (४२ र ४३ ) मा संसोधन:** जग्गाको न्युनतम क्षेत्रफल ५ कायम गरिएको छ ।
दफा १० को (४६) मा संसोधनः बाणगङ्गा नगरपालिकामा आवासीय भवनहरुको निर्माण गर्दा भवनका **Floor Area Ratio** २.५ कायम हुनेछ र व्यवसायिक भवनहरुको हकमा **Floor Area Ratio** ३.० कायम हुनेछ । दफा १० को (५७) देखि ६२ सम्म निम्नानुसार थप गरिएको ।

५७. जतिसुकै तलाका सार्वजनिक र "क" वर्गका भवन तथा "ख" वर्गका ५ तला भन्दा अग्ला सबैभवन निर्माण गर्न अनिवार्य रुपमा सहरी विकास मन्त्रालयले जारी गरेको माटो परिक्षण निर्देशिका, अनुसार माटो परिक्षण गर्नु पर्नेछ । खानी तथा भूगर्भ विभागले नेपाल राजपत्रमा प्रकाशित गरि निषेध गरेका क्षेत्रमा भवन निर्माण गर्न पाईने छैन । स्थानीय निकायले आफै माटो परीक्षण गराई तोकिदिएको क्षेत्रमा मात्र १७ मिटर भन्दा अग्ला संरचना निर्माण गर्न अनुमति दिनेछ । अब उपरान्त माटो परिक्षण नगरी घर बनाउने सम्बन्धमा माटो को क्षमता १०० KN/M2 सम्म लिन सकिनेछ । तर माटो परिक्षण गर्नुपर्ने ठाँउमा भने परिक्षणबाट आएको रिपोर्ट अनुसारनै हुनुपर्नेछ ।

५८. भौतिक योजना कार्यान्वयन अनुमति दिंदा योजना प्रस्ताव गरिएको कुल जग्गाको

(क) कम्तिमा १५ प्रतिशत बाटोकोलागी र

Scanned with CamScanner

(ख) कम्तिमा ५ प्रतिशत खुल्ला क्षेत्रको लागि छुट्याइएको हुनु पर्नेछ। साथै, यस्तो खुल्ला क्षेत्रको क्षेत्रफल ८० वर्ग मिटर भन्दा कम र सो को चौडाइ ८ मिटर भन्दा कम हुनुहुदैन र यस्तो खुल्ला क्षेत्रले प्रस्तावित भौतिक योजना क्षेत्रको बाहिरी साँध वा सिमाना छोएको हुनुहुदैन।

५९. नयाँ घरको सन्दर्भमा मोडडामा सल्याईडिङ झ्याल ढोकालाई सेटब्याक छोडी अन्य मार्जिन छोड्न पर्ने छैन।

६०. जग्गाको स्वामित्व हस्तान्तरण गरी भवन प्रयोग गर्न चाहेमा वकीलबाट लिखित मञ्जुरीनामा (बहाल Lease) को कागजातहरु पेश गरेमा सोको आधार्मा डकुमेन्टमा खुलाई स्वीकृत दिन बाधा आउने छैन। तर पास गर्नको निम्ती प्रक्रियाको लागि यस्तो कागजातहरु पेश गर्न पाउने छैन।

६१. कुनै दुई वा दुई भन्दा बढी व्यक्ति वा संस्था मिलेर संयुक्त भवन बनाएमा दुवैको नाम हुनेगरि एउटै फाईल बनाई पेश गर्न पाईने छ। त्यस्तो कागजातसं वकीलबाट लिखित मञ्जुरीनामा समेत पेश गर्नुपर्नेछ।

६२. भवन सम्पन्न नदिँदैं तला थप गर्न चाहेमा निवेदनको साथ थपिएको तलाको राजस्व लिएर प्रक्रिया अगाडी बढाउन सकिने छ।

६. **दफा १३ मा थपः १३.३.२ मा निम्नानुसार थप गरिएको**

भवन दर्ता गरिसकेपछि नयाँ कित्तामा भवनको क्षेत्रफल फरक पर्ने गरि आएमा शुरुवाति चरण बाट कार्य गर्नु पर्ने छ।

७. **दफा १५ मा थपः** उपदफा १५.४ मा निम्नानुसार थप गरिएको छ।

निर्माणको क्रममा लहरै घरहरु भएमा बिचमा घर बनाउँदा छिमेकी घरमा कुनै प्रकारको क्षति नहुने गरी सुरक्षाको ब्यवस्था गर्नु पर्नेछ। नयाँ निर्माणको क्रममा छिमेकीको घरमा कदाचित कुनै क्षति हुन गएमा पूर्व अवस्था कायम हुने गरी मर्मत सम्भार गरिदिनु पर्नेछ।

८. **(क) दफा ३३ मा संसोधनः ३३.४ मा निम्नानुसार संसोधन गरिएको छ।**

घडेरी आवास न्यून आय भएका समूहको लागि घडेरीको न्यूनतम साइज सामान्यतया ८५ बर्ग मि. भन्दा कमको हुनुहुँदैन। तथापि जनताको आर्थिक अवस्था हेरी कुनैविशेष क्षेत्रलाई आवश्यक पर्ने प्रकारको आवास अनुसार घडेरीको साइज फरक हुन सक्नेछ। प्रत्येक प्लटमा निर्माण गर्न अनुमति पाएको आवासीय इकाइहरुको संख्यामा पनि घडेरीको साइज निर्भर हुने गर्दछ। समान्यतः प्रत्येक घडेरीमा दुईवटा आवास ईकाइहरु निर्माण हुन सक्दछ। तथापि ठुला साइजका प्लटहरुको सन्दर्भमा एउटा घडेरीमा एउटा भन्दा बढी आवास ईकाइहरु निर्माण गर्न सकिने छ। बेसमेन्ट निर्माण गरिएको भए पार्किंग सेवाहरु, अत्यावश्यक घरायसी भण्डारण तथा सुविधाहरुको लागि फ्लोर एरिया रेस्योमा समावेश नगरी उपयोग गर्न सकिनेछ।

**(ख) दफा ३३ को उपदफा ३३.७ थप गरिएको छ।**

**३३.७ अधिकतम उचाई : सडक छेउको जग्गामा न्यूनतम सेटव्याक पछाडि मात्र निर्माण गर्न पाउनेछ। यसरी सेटव्याक छाडी घर बनाउने Light plane लाईन छेक्ने गरीकन बनाउन पाउने छ। Light लाई नछेक्ने गरीकन बनाउनलाई न्यूनतम सेटव्याक छाडि बनाईने घरको उचाई अनुसुची २ को चित्रमा देखाए जस्तैहुनुपर्नेछ।**

९. **दफा ३४ मा संसोधनः (क) उपदफा ३४.४ मा निन्नानुसार संसोधन गरिएको छ।**

- अधिकतम ग्राउण्ड कभरेज ६० प्रतिशत
- अधिकतम फ्लोर एरिया रेसियो ३

Scanned with CamScanner

(ख) उपदफा ३४.९ मा निम्नानुसार संसोधन गरिएको छ।

- अधिकतम ग्राउण्ड कभरेज ४० प्रतिशत,
- अधिकतम फ्लोर एरिया रेस्यो ३
- बेसमेन्ट यदि पार्किङ्ग सेवाहरुमा उपयोग भएको भए फ्लोर एरिया रेस्योमा समावेश गर्न नपर्ने

१०. **दफा ४७ मा थप:** दफा ४७ मा निम्नानुसार थप गरिएको छ।

**नोट : माथि जे उल्लेख भएता पनि छज्जा ३ फुट सम्म क्यान्टलिभर हाल्न पाउनेछ। तर जमिनको एरिया भने खुल्ला छोडनु पर्नेछ। यसरी छाडिएको जग्गालाई हरियाली क्षेत्रको रुपमा विकास गर्नुपर्नेछ।**

११. **दफा ५० मा संसोधन: ५०.९ मा देहाय बमोजिम थप गरिएको छ।**

(ज) **कुनै पनि बाटोलाई ग्राउन्ड लेभल मानेर भवनको तलाको उचाई बढाउँदा त्यस तलालाई वेशमेन्ट मानिने छैन। तर ग्राउन्ड लेभल बाट कम्तिमा ५०% उचाई दुई साईडमा पुरिएमा त्यसलाई वेशमेन्ट मानेर F.A.R. मा समावेश गर्न पर्ने छैन।**

१२. **दफा ५१ मा संसोधन: (क) ५१.३ मा पूर्व पश्चिम लोकमार्ग भन्ने शब्द हटाईएको छ।**

(ख) ५१.५ मा देहाय बमोजिम संसोधन गरिएको छ।

५१.५ घरनक्शा अभिलेख गर्दा महेन्द्र राजमार्ग मोहोडामा रहेका घरहरुको सडक क्षेत्राधिकार (केन्द्र रेखा देखी ८२ फेट) भित्र छज्जा (झाप), पेटी आदि परेमा उक्त घरहरुको नक्सा अभिलेख गर्दा कबुलियतनामा गराई अभिलेखिकरण प्रमाणपत्र दिन सकिनेछ। तर उक्त सडक क्षेत्राधिकार भित्र **Structural Member** जस्तैः पिलर पर्ने भए अभिलेख गर्न सकिने छैन।

(ग) देहाय बमोजिमका उपदफाहरु थप गरिएको छ।

५१.७ पुरानो घरको सन्दर्भमा बाटो नभएको घरहरुलाई बाटोकायम गराई ल्याएमा मात्र घरनक्सा अभिलेखिकरण गरिदिने।

५१.८ बाणगङ्गा नगरपालिका भित्रको निर्माण कार्यको सन्दर्भमा नक्सा पास गराई वा प्रथम र दोसो चरणको इजाजत लिइसकेर पनि भवन संहिता मापडण्ड विपरित निमार्ण सम्पन्न गरिएका घर तथा भवनहरुको अभिलेख व्यवस्थापनको विशेष व्यवस्था गरिएको छ।

१) यस कानुन प्रारम्भ भए सँगै अब उप्रान्त सम्पन गरिने भवन संहिताका सबै मापडण्डहरुको पालना हुनुपर्नेछ। अनुगमन र अनुसन्धानबाट अन्यथा हुनु गएको पाइएमा त्यस्ता भवन तथा घरहरुको अभिलेख व्यस्थापनका लागि नगरपालिका कार्यपालिकाको कार्यालय जिम्मेवार रहने छैन। र भूकम्प जन्य प्राकृतिक विपतको कारण त्यस्ता भवनहरुमा हुन सक्ने भैतिक क्षतिका लागि नगरपालिका जवाफदेहि हुनेछैन।

२) भवन निर्माण को सन्दर्भमा स्वीकृत नक्सा वा मापडण्ड विपरित निर्माण कार्य चालु वा सम्पन्न भएको अवस्थामा घरधनिले नगरपालिकामा संशोधित नक्सा पेस गर्नुपर्नेछ।

१३. **दफा ५२ मा संसोधन: ५२.१को (क) र (ख) मा देहाय बमोजिम थप गरिएको।**

तर हालको बाटोको क्षेत्राधिकारलाई नमिचिने गरी मात्र तला थपको इजाजत दिइने छ।

१४. **अनुसूची मा संसोधन: अनुसूची १ र अनुसूची २ हटाई थप गरिएको।**

Scanned with CamScanner